**सर्वोच्च अदालत, पूर्ण इजलास**
**माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी**
**माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**

**आदेश**

**०७८-WF-००२७**

**मुद्दाः-उत्प्रेषण, परमादेशसमेत।**

सर्लाही जिल्ला, साविक सारस्वर गा.वि.स., वडा नं.१ हाल सिराहा नगरपालिका वडा नं.१२ बस्ने गणेश झाको छोरा धर्मदेव झा ---------------------------------१ } निवेदक

**विरुद्ध**

उच्च अदालत जनकपुर, राजविराज इजलास, सप्तरी-----------------------------१
सिराहा जिल्ला अदालत, सिराहा-----------------------------------------१
स्रेस्तेदार, सिराहा जिल्ला अदालत, सिराहा-------------------------------------१
तहसिलदार, सिराहा जिल्ला अदालत, सिराहा-------------------------------------१
मालपोत कार्यालय, लहान, सिराहा-------------------------------------------१
धनुषा जिल्ला, सिंग्याही मरान गा.वि.स., वडा नं.३ साविक सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स., वडा नं.७ परिवर्तित धनगढीमाई नगरपालिका वडा नं.८ बस्ने सोमन महतोको पत्नी दुखनी देवी महतो ---------------------------------१
ऐ.ऐ. बस्ने नथि महतोको छोरा सुवध महतो कोइरी-----------------------------१
} प्रत्यर्थी

यस अघि फैसला गर्नेः माननीय न्यायाधीश श्री दीपककुमार कार्की
माननीय न्यायाधीश श्री कुमार रेग्मी
सर्वोच्च अदालत
मितिः२०७८।०५।१८

प्रस्तुत रिट निवेदन निर्णयार्थ मिति २०७८।०५।१८ मा यस अदालतको संयुक्त इजलासमा पेश हुँदा सो इजलासका माननीय न्यायाधीश श्री दीपककुमार कार्की र श्री कुमार रेग्मी विच मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य तथा आदेश देहाय बमोजिम रहेको छः-

## तथ्य खण्ड

१. वादी दुखनी देवी महतो र प्रतिवादी सुवध महतो कोइरी भएको लेनदेन मुद्दामा भएको फैसला बमोजिमको वादीको बिगो रु.१७,२२,३४८।१२ वापतमा ऋणी प्रतिवादी सुवध महतो कोइरीको नाम दर्ताका निम्न जग्गाहरु सिराहा जिल्ला अदालतबाट मिति २०७२।१२।१६ मा डाक लिलाम हुँदा मैले सबैभन्दा बढी मूल्य अर्थात रु.१७,२३,४५९।१२।- मा डाक सकार गरी लिएको हुँ।

| सि.नं. | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | तर्फ | मध्ये जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | सिराहा | अयोध्यानगर | १(क) | ४८२ | ०-०-७ | पूर्व | ०-०-५.२५र घर समेत |
| २ | ऐ. | ऐ. | १(क) | ४८४ | ०-०-६-५ | पश्चिम | ०-०-४.८७५ |
| ३ | ऐ. | ऐ. | १(क) | ४८६ | ०-०-३ | पूर्वबाट | ०-०-२.२५ |
| ४ | ऐ. | ऐ. | १(क) | ४८८ | ०-०-१.५ | पश्चिम | ०-०-१.१२५ |
| ५ | ऐ. | ऐ. | १(क) | ४९९ | ०-०-१.७५ | उत्तर | ०-०-१.३१२ |
| ६ | ऐ. | ऐ. | १(क) | ५०१ | ०-३-१.७५ | पूर्व | ०-२-६.३१ |
| ७ | ऐ. | ऐ. | १(क) | ३० | ०-०-७ | उत्तर | ०-०-५.२५ |
| ८ | ऐ. | ऐ. | ७ | १३१ | ०-४-६ | पूर्व | ०-३-४.५ |
| ९ | ऐ. | ऐ. | ७ | ६४ | ०-६-० | पूर्व | ०-३-१७.९१ |

सिराहा जिल्ला अदालतबाट उपरोक्त मितिमा भएको डाक लिलामबाट मैले सकार गरी लिएका उपरोक्त उल्लिखित जग्गाहरुको रकम रु. १७,२३,४५९।१२ मध्ये उक्त लिलाम भएकै दिन अर्थात मिति २०७२।१२।१६ मा १० प्रतिशत अर्थात रु.१,७२,३४५।९१ दाखिल गरी बाँकी रकम रु.१५,५१,११३।२१ वादीले पाउने गरी मिति २०७२।१२।२२ मा सिराहा जिल्ला अदालतमा दाखिल गरी दुबै रकम वादीले पाउने गरी धरौटीमा आम्दानी बाँधिएको छ। उपरोक्त डाक लिलामको कारवाही बेरितको हुँदा बदर गरी पाउँ भनी लेनदेन मुद्दाका वादी दुखनी देवी र प्रतिवादी विपक्षी सुवध महतो कोइरीले मुलुकी ऐन, दण्ड सजायको ६१ नं. बमोजिम सिराहा जिल्ला अदालत समक्ष निवेदन पेश गरेकोमा सो निवेदन माग बमोजिम केही गरिरहनु परेन कानून बमोजिम गर्नु भनी मिति २०७३।४।२८ मा आदेश भयो। डाक

कारवाही उपर दण्ड सजायको ६१ नं. बमोजिम परेको उजुरीमा सिराहा जिल्ला अदालतबाट डाक लिलाम सदर हुने गरी आदेश भएको छ।

तहसिलदारबाट डाक सकार गरेको घर जग्गा डाक सकार गर्ने म निवेदक धर्मदेव झाका नाउँमा दा.खा दर्ताको लागि पूर्जि लेखी सम्बन्धित मालपोत कार्यालयमा पठाउन र डाक सकार गर्ने व्यक्तिले धरौटीमा दाखिल गरेको बिगो रकम वादीलाई फिर्ता दिनु भनी मिति २०७३।४।३० मा आदेश भयो। तहसिलदारको आदेशपश्चात डाक लिलाम सकार गरी लिएको उपरोक्त जग्गा डाक सकार गर्ने व्यक्ति मेरो नाममा दाखेल खारेज दर्ता गरी दिने भनी सिराहा जिल्ला अदालतको च.नं.११९६, मिति २०७३।४।३० को पत्र मालपोत कार्यालय लाहान सिराहामा पठाई मिति २०७२।१२।१६ को लिलाम मुचुल्का बमोजिम लिलाम सकार गरेको सम्पत्ति दा.खा. गराई भोग चलन गर्नु भनी सिराहा जिल्ला अदालतबाट मलाई पूर्जि प्राप्त भएको हुँदा लिलाम मुचुल्कामा उल्लेखित मैले सकार गरी लिएको जग्गा मालपोत कार्यालय सिराहाबाट प्रतिवादी विपक्षी सुवध महतो कोइरीको नामबाट मेरा नाममा दा.खा दर्ता गराई मेरा नाममा जग्गाधनी दर्ता प्रमाण पूर्जा समेत बनाई उपरोक्त जग्गा मध्ये कि.नं.४८६ को ०-०-३ मध्येको ०-०-२.२५ र कि.नं. ४८२ को ०-०-७ मध्येको ०-०-५.२५ जग्गा बाहेक अरु सम्पूर्ण जग्गा घर व्यवहारको अवस्थाले बिक्री गर्नु पर्दा रजिष्ट्रेशन गरी मिति २०७३।०७।०८ मा पारित गरिदिई सकेको छु।

सिराहा जिल्ला अदालतबाट भएका आदेश उपर विपक्षी सुवध महतो कोईरीले बेरितको आदेश बदर गरिपाउँ भनी तत्कालीन पुनरावेदन अदालत राजविराजमा निवेदन पेश गरेकोमा उक्त पुनरावेदन अदालत राजविराजबाट निवेदकले फैसला बमोजिम ठहरेको बिगो विपक्षी वादीलाई दिन मन्जुर नै रहेको देखिंदा र निवेदकले कानून बमोजिमको बिगो साँवा तथा व्याज बुझाउन मन्जुर गरे फैसला कार्यान्वयनको सिलसिलामा जहिले सुकै पनि बुझाउन पाउने भन्ने मान्य सिद्धान्त समेतका आधारमा डाक लिलामको कार्य सम्पन्न गरी सकेको भए पनि तत्काल सो सम्बन्धी कुनै काम नगर्नु, निवेदक प्रतिवादीले १ महिना भित्रमा वादीलाई फैसला बमोजिमको साँवा व्याज दाखिल गर्न ल्याए निजबाट फैसलाले ठहरेको साँवा ब्याज बिगो लिई कानूनबमोजिम कारवाही गर्नुहोला भनी मिति २०७३।०८।३० मा गैरकानुनी आदेश गरियो। उच्च अदालत जनकपुर राजविराज इजलासको उक्त आदेश पश्चात विपक्षीहरु सुवध महतो कोइरी र दुखनीदेवी महतोले घरसारमै विगो बुझिलिएको भनी नाटक मन्चन गरी सिराहा जिल्ला अदालत समक्ष निवेदन पेश गरी लाग्ने दस्तुर दाखिल गरी मिति २०७३।०९।०८ मा सिराहा जिल्ला अदालत तहसील शाखाबाट भएको आदेशानुसार मिति २०७२।१२।१६ मा मैले कानूनबमोजिम डाक सकार गरी लिई मेरा नाममा

दा.खा दर्ता गरिदिनु भनी मिति २०७३।०४।३० को पत्रबाट मालपोत कार्यालय सिराहामा दा.खा. दर्ताको लागि लेखी मेरो नाममा दर्ता दा.खा. भएका जग्गाहरु जे जसका नाममा दा.खा दर्ता भई गएको भएता पनि सुवध महतो कोइरीका नाममा दा.खा. दर्ता गरिदिनु भन्ने समेत व्यहोराको सिराहा जिल्ला अदालतको च.नं.७१९९, मिति २०७३।०९।११ को पत्र मालपोत कार्यालय लाहान सिराहामा पेस गरिएको छ।

उच्च अदालत जनकपुर, राजविराज इजलासको आदेशमा कुन ऐन वा कानूनले डाक लिलाम भइसकेपछि लामो अन्तरालपछि बिगो बुझाउन पाउने गरी आदेश भएको हो, सो उल्लेख छैन। रितपूर्वक भएको डाक लिलाम सम्बन्धी कारवाहीमा विधिवत डाक सकार गरी लिई दा.खा. दर्ता भई केही जग्गा रजिष्ट्रेशन पारित गरी हस्तान्तरण भएपछि लामो समयपछि प्रतिवादीलाई बिगो दाखिल गर्न आदेश दिएको उच्च अदालत जनकपुर राजविराज इजलासको आदेश जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को कानूनी व्यवस्थाको विपरीत हुनुको साथै नेपालको संविधानको धारा २५ ले मलाई प्रत्याभूत गरेको सम्पत्ति भोग गर्ने मेरो मौलिक हकमा आघात पुगेको छ।

अतः विपक्षी उच्च अदालत जनकपुर राजविराज इजलासको मिति २०७३।०८।३० को आदेश, सो आदेशको आधारमा सिराहा जिल्ला अदालतमा प्रतिवादी सुवध महतो कोइरी र वादी दुखनी देवीले बिगो घरसारमा बुझी लिएको भनी पेश गरेको निवेदन, मिति २०७३।०९।०६ मा भएको आदेश, सोही मितिमा वादीलाई गराएको सनाखत कागज, जग्गा दा.खा. नामसारी गरी पाउन प्रतिवादी सुवध महतो कोइरी समेतले दिएको निवेदनमा सिराहा जिल्ला अदालतबाट मिति २०७३।०९।०७ मा भएको आदेश, निवेदन माग बमोजिम दा.खा. दर्ताको लागि लेखी पठाई दिनु भन्ने सिराहा जिल्ला अदालतको मिति २०७३।०९।०८ को आदेश र सिराहा जिल्ला अदालतको सुवध महतो कोइरीका नाममा दा.खा. दर्ता गरी दिनु भनी च.नं.७१९९, मिति २०७३।०९।११ मा लेखिएको पत्र समेतलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी पाउँ। मिति २०७२।१२।१६ मा मैले विधिवत सकार गरी लिएको र सिराहा जिल्ला अदालतको च.नं.११९६, मिति २०७३।०४।३० को दा.खा पत्र बमोजिम मालपोत कार्यालय लहानबाट मेरो नाममा दा.खा. दर्ता भएका जग्गाहरु निर्विवाद रुपमा मैले भोग चलन बिक्री व्यवहार गर्न पाउने गरी परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउँ। मैले सिराहा जिल्ला अदालतबाट सकार गरी मेरो नाममा दर्ता भै मेरो नाममा कायम भएका र मैले बिक्री वितरण गरेका जग्गा समेत उच्च अदालत जनकपुर राजविराज इजलासको आदेशले अन्यथा भई पुनः विपक्षी सुवध महतो कोइरीका नाममा दर्ता हुन आएका जग्गाहरु निजका नामबाट अन्यत्र हस्तान्तरण हुन सक्ने प्रवल

आशंका भएको हुँदा उल्लिखित जग्गाहरु प्रस्तुत रिट निवेदनको टुंगो नलागुञ्जेल सम्म यथास्थितिमा राख्नु, बिक्री वितरण नगर्नु, बिक्री वितरण भइसकेको भएपनि जस्को नाममा गएको छ निजकै नाममा यथास्थितिमा राख्नु, मैले भोग चलन गर्न पाउने कुरामा अवरोध नगर्नु भनी विपक्षी मालपोत कार्यालय लाहान, सिराहा जिल्ला अदालत र विपक्षी दुखनी देवी महतो र सुवध महतो कोइरी समेतका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम अन्तरिम आदेश समेत जारी गरिपाउँ भन्ने समेत बेहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र विपक्षी नं.१, २, ३, ४ र ५ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र विपक्षी नं.६ र ७ को हकमा आफैं वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखितजवाफ पेश गर्नु भनी विपक्षीहरुको नाममा म्याद सूचना पठाई म्याद भित्र लिखितजवाफ परे वा अवधी नाघेपछि नियमानुसार पेश गर्नु।

अन्तरिम आदेश जारी गरिपाउँ भन्ने निवेदन मागका सन्दर्भमा विचार गर्दा मिति २०७२।१२।१६ मा निवेदकले सकार गरी लिएको जग्गामध्ये केही जग्गा बेचविखन गरेको अवस्थामा डाक लिलामको कार्य सम्पन्न गरिसकेको भएपनि तत्काल सो सम्बन्धी कुनै काम नगर्नु भन्ने समेत उच्च अदालत राजविराज इजलासबाट भएको मिति २०७३।०८।३० को आदेशको कार्यान्वयनबाट निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिंदा मिति २०७२।१२।१६ को डाक सकार तथा सिराहा जिल्ला अदालतको च.नं. ११९६, मिति २०७३।०४।३० को दा.खा. पत्र प्रतिकूल हुने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको मिति २०७३।०८।३० को आदेश यो रिट निवेदन किनारा नलागेसम्म कार्यान्वयन नगर्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ भनी यस अदालतबाट मिति २०७३।०९।२५ मा भएको आदेश।

३. विपक्षी निवेदक उपर दुखनी देवीले यस अदालतमा दायर गरेको लेनदेन मुद्दामा विपक्षीबाट भरी पाउने ठहरेको विगो रकमका हकमा विगो भरी भराउतर्फ दरखास्त परी विपक्षीले तिर्नु बुझाउनु पर्ने रकम वादीलाई नबुझाएको कारण फैसला कार्यान्वयनको क्रममा मिति २०७२।१२।१६ मा डाक लिलामको कानूनी प्रकृया पूरा गरी डाक लिलाम भै वादीले भरी पाउने विगो रकम यस अदालतमा दाखिला भै कानून बमोजिम डाक लिलामको कार्य सम्पन्न भएको हो। यस अदालतबाट मिति २०७२।१२।१६ मा भएको डाक लिलामको कार्य उपर यसै अदालतमा परेको

मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिमको निवेदन इजलास समक्ष पेश हुँदा उक्त डाक लिलामको कार्य सदर हुने ठहरी मिति २०७३।०४।२८ मा भएको आदेश बमोजिम डाक लिलाम भएका जग्गाहरू दा.खा. दर्ता गरिदिनु भनी सम्वन्धित मालपोत कार्यालयमा लेखी पठाइएको छ। यस अदालतबाट मिति २०७३।०४।२८ मा भएको आदेश उपर उच्च अदालत जनकपुर राजविराज इजलासमा परेको अ.वं. १७ नं. बमोजिमको निवेदनमा फैसला कार्यान्वयनको सिलसिलामा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) बमोजिम डाक लिलामको सूचना नदिएको तथा निवेदकले फैसलाबमोजिम ठहरेको विगो विपक्षी वादीलाई दिन मन्जुर नै रहेको देखिंदा निवेदकले साँवा, ब्याज जहिले सुकै पनि बुझाउन पाउने भन्ने मान्य सिद्धान्त समेतका आधारमा डाक लिलामको कार्य सम्पन्न गरी सकेको भएपनि तत्काल सो सम्बन्धी कुनै काम नगर्नु। निवेदक प्रतिवादीले १ महिना भित्रमा वादीलाई फैसलाबमोजिमको साँवा, व्याज दाखिला गर्न ल्याए निजबाट फैसलाले ठहरेको साँवा, व्याज विगो लिई कानून बमोजिम कारवाही किनारा गर्नु होला भनी मिति २०७३।०८।३० मा भएको आदेश सहितको मिसिल प्राप्त भएको हो।

सम्मानित उच्च अदालतको आदेश कार्यान्वयन गरी पाउँ भनी अढाई दस्तुर र नपुग कोर्ट फीसमेत बुझाई वादी दुखनी देवी र प्रतिवादी सुवध महतो कोइरीले यस अदालतमा मिति २०७३।०९।०६ मा संयुक्त निवेदन दिनु भएको हो। प्रतिवादीका नाममा रहेको जग्गा डाक लिलाम सकार गरी लिने व्यक्तिबाट अन्य व्यक्तिका नाममा दर्ता भै गएको कारणबाट वादी प्रतिवादीले दा.खा. दर्ताका लागि दिएको उक्त निवेदन इजलास समक्ष पेश हुँदा वादीले पाउनुपर्ने सम्पूर्ण रकम घरसारैमा पाइसकेको छु र प्रतिवादीले बुझाई सकेको छु भनी कागज समेत गरिसकेको देखिएकोले निवेदकको निवेदन मागबमोजिम दा.खा. दर्ताका लागि कानूनबमोजिम लेखी पठाइदिनु भनी यस अदालतको इजलासबाट मिति २०७३।०९।०८ मा भएको आदेशानुसार प्रतिवादी सुवध महतो कोइरीका नाममा यस अदालतको च.नं. ७१९९, मिति २०७३।०९।११ को पत्रबाट दा.खा. दर्ताका लागि मालपोत कार्यालय लहानमा पत्राचार भैसकेको छ। यस अदालतबाट उच्च अदालत जनकपुर राजविराज इजलासको मिति २०७३।०८।३० को आदेशानुसारको कानून बमोजिमको कार्य भएको हुँदा विपक्षीको निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी सिराहा जिल्ला अदालत, ऐ.का श्रेस्तेदार र तहसीलदार समेतको संयुक्त लिखित जवाफ।

४. वादी दु:खनी देवी महतोले प्रतिवादीवाट रु.१५ लाख र सोको साँवा व्याज समेत भरी पाउने ठहरी सिराहा जिल्ला अदालतबाट फैसला भै फैसला कार्यान्वयनको सिलसिलामा

फैसला अनुसारको विगो भरी पाउँ भनी वादीले दरखास्त दिई डाक लिलाम गरी विगो असुल उपर गर्ने प्रयोजनार्थ डाक लिलामको सूचना निवेदकलाई दिनु पर्नेमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) बमोजिम सूचना नदिएको भनी जिकिर लिएको देखियो। निवेदकले फैसलाबमोजिम ठहरेको विगो विपक्षी वादीलाई दिन मन्जुर नै रहेको देखिंदा निवेदकले कानून बमोजिमको विगो साँवा तथा व्याज वुझाउन मञ्जुर गरी फैसला कार्यान्वयनको सिलसिलामा जहिले सुकै पनि बुझाउन पाउने भन्ने मान्य सिद्धान्त समेतका आधारमा ताहाँबाट डाक लिलामको कार्य सम्पन्न गरी सकेको भए पनि तत्काल सो सम्वन्धी कुनै कार्य नगर्नु, निवेदक प्रतिवादीले १ महिना भित्रमा वादीलाई फैसला बमोजिमको साँवा व्याज दाखिल गर्न ल्याए निजबाट फैसलाले ठहरेको साँवा व्याज विगो लिई कानूनबमोजिम कारवाही गर्नु होला भनी यस अदालतबाट मिति २०७३।०८।३० मा भएको आदेश कानून सम्मत नै हुँदा रिट निवेदन बमोजिमको आदेश जारी हुनपर्ने होइन। यस अदालतको आदेशबाट निवेदकको संविधान तथा कानून प्रदत हक अधिकारमा अघात पुगेको अवस्था नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको उच्च अदालत जनकपुर, राजविराज इजलासको लिखित जवाफ।

५. सिराहा जिल्ला अदालतवाट मिति २०७२।१२।१६ मा डाक लिलाम हुनुभन्दा अगाडि मिति २०७१।११।३ मा भएको पन्चकीर्ते मूल्यांकनमा सिराहा नगरपालिकाको प्रतिनिधी र मालपोत कार्यालय सिराहाको प्रतिनिधी अनुपस्थित रहेका छन्। उक्त पन्चकीर्ते मूल्यांकन कानूनी प्रकृया पूरा नगरी भएको छ भने मिति २०७२।१२।१६ मा डाक लिलाम गर्दा समेत कानूनी प्रकृया पूरा गरिएको छैन। जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) विपरीत मिति २०७२।१२।१६ मा भएको लिलाम डाक बढाबढ मुचुल्का हुँदा सो डाक लिलाम हुने भएको मिति, स्थान र समय उल्लेख गरी मलाई सूचना दिनु पर्नेमा मलाई त्यस्तो सूचना दिएको छैन। सम्बन्धित व्यक्ति भन्ने शब्द लेखिएको अवस्थामा त्यस्तो अनिवार्य कानूनी व्यवस्थालाई नजर अन्दाज गरी अन्यथा व्याख्या गर्न मिल्दैन। उक्त डाक लिलाम बढाबढ मुचुल्का बदर गरी पाउन दण्ड सजायको ६१ नं. बमोजिम मैले जिल्ला अदालतको न्यायाधीश समक्ष उजुरी गरेकोमा जिल्ला न्यायाधीशबाट मिति २०७३।०४।२८ मा उक्त मुचुल्का बदर नभएकोमा सो डाक लिलाम मुचुल्का र जिल्ला न्यायाधीशको उक्त आदेश उपर अ.बं. १७ नं. बमोजिम उच्च अदालत जनकपुर, राजविराज इजलासमा निवेदन गरेको र सो निवेदन विचाराधिन रही सम्मानित उच्च अदालतवाट उक्त निवेदनको टुङ्गो नलागेको अवस्थामा विपक्षी रिट निवेदकले उक्त गैरकानूनी डाक लिलाम मुचुल्काको आधारमा उक्त जग्गा आफनो नाउमा दा.खा. दर्ता गराउँदैमा त्यसवाट उक्त जग्गामा निवेदकको निर्विवाद हक सिर्जना भइसकेको मान्न मिल्दैन। विवादीत जग्गामा निवेदकको निर्विवाद

हक कायम भई नसकेको अवस्थामा नेपालको संविधानको धारा २५ बमोजिम सम्पत्ति सम्वन्धी हकमा आघात पुगेको भनी दायर भएको रिट निवेदनबाट उपचार प्रदान गर्ने अवस्था नभएकोले रिट निवेदन तथा सम्मानित अदालतबाट जारी भएको अन्तरिम आदेश समेत खारेज गरिपाउँ भन्ने बेहोराको विपक्षी सुवध महतो कोइरीको लिखितजवाफ।

६. लेनदेन मुद्दाका वादी म अर्थात डाक लिलाम गरी विगो असुल उपर गरिपाउँ भन्ने व्यक्तिलाई उक्त मिति २०७२।१२।१६ मा भएको डाक लिलाम बढाबढ मुचुल्कामा उपस्थिती नै गराइएको छैन। मलाई उपस्थित नै नगराई लुकी छिपी वदनियतपूर्वक भएको डाक लिलामलाई मान्यता दिन मिल्दैन। सो कुरा थाहा पाएपछि म्याद भित्रै अ.वं.६१ नं.बमोजिम डाक लिलाम बदर गरिपाउन उजुर गरेकोमा जिल्ला न्यायाधीशवाट सो डाक लिलाम बदर गर्नु पर्नेमा बदर नगर्ने भनी गरेको आदेश उपर विपक्षी सुवध महतो कोइरीले अ.बं.१७ नं. बमोजिम उच्च अदालत जनकपुर राजिवराज इजलासमा निवेदन गरेकोमा उच्च अदालतवाट मिति २०७३।०८।३० मा भएको आदेशानुसार मैले र प्रत्यर्थी सुवध महतो कोइरीसमेतले हामी वादी प्रतिवादी आपसमा मिली घरसारमा उक्त विगो रकम बुझि भरपाई लिई दिई सकेकोले डाक लिलाम भएको जग्गा सुवध महतो कोईरीको नाउमा दा.खा. दर्ता गरी पाउन मिति २०७३।०९।०६ मा संयुक्त निवेदन दिएकोमा सिराहा जिल्ला अदालतवाट मिति २०७३।०९।०८ मा भएको आदेश र मिति २०७३।०९।११ को पत्रबमोजिम मालपोत कार्यालय लाहान सिराहावाट मिति २०७३।०९।२१ को निर्णयानुसार उक्त जग्गा सुवध महतो कोइरीको नाउमा दा.खा. दर्ता भई धनि पुर्जासमेत पाइसकेको हुँदा सो दा.खा. दर्ता बदरको विषयमा अन्य कुनै साधारण उपचारको नालिस निवेदकले नगरेको हुँदा रिट आदेश जारी हुने अवस्था छैन। अन्तरिम आदेश र रिट निवेदन समेत खारेज गरिपाउँ भन्ने समेत वेहोराको विपक्षी दुखनी देवी महतोको लिखित जवाफ।

७. प्रत्यर्थीमध्येका मालपोत कार्यालय लहान, सिराहाको तर्फबाट लिखित जवाफ पेश भएको देखिएन।

८. यस अदालतबाट मिति २०७३।०९।२५ मा भएको अन्तरिम आदेश खारेज गरिपाउँ भनी विपक्षीहरु दुखनी देवी महतो र सुवध महतो कोइरीको निवेदन परेकोमा विपक्षीहरुको लिखित जवाफ परिसकेको देखिएकोले पूर्ण सुनुवाईको लागि पेश गर्नु भनी यस अदालतबाट मिति २०७४।०८।०३ मा भएको आदेश।

९. यसमा प्रस्तुत रिट निवेदनसँग सम्बन्धित वादी दुखनी देवी महतो प्रतिवादी सुवध महतो कोइरी भएको मुद्दा नं. ०७०-CP-०६७१ फैसला मिति २०७१।०३।१२ को लेनदेन

मुद्दा र सोसँग सम्बन्धित वि.नं.३६३/४२ को विगो भरिभराउको मिसिल र भए प्रमाण मिसिल समेत सिराहा जिल्ला अदालतबाट झिकाई नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०७५।१०।२७ मा भएको आदेश।

१०. लेनदेन मुद्दामा वादीको सरोकार भनेको आफ्नो दावीबमोजिमको रकम प्राप्त गर्ने सम्म हो। नगदै प्राप्त गर्ने अवस्था रहेसम्म जग्गा नै लिलाम गर्नु पर्ने भन्ने हुदैन। अदालतबाट विगो वापत जग्गा लिलाम गर्नु पर्नाको मूल उद्देश्य विगो नगदकै रुपमा भराई दिन नसक्ने अवस्था भएमा जग्गा लिलाम गरी लिलामबाट प्राप्त हुने रकम वादीलाई भराई दिने भन्ने हो। फैसला कार्यान्वयनमा डाक लिलामलाई अन्तिम उपायको रुपमा लिनु पर्ने हुन्छ। प्रतिवादी र वादी दुबैले विगो बापतको रकम घरसारमा नै बुझिसकेको हुँदा लिलाम बदर गरी पाउँ भनी लिलाम बमोजिमको जग्गा दा.खा हुनुभन्दा पहिले नै निवेदन दिएकोमा पनि जिल्ला अदालतबाट लिलाम बदर नभएको देखियो। लिलाम बदर सम्बन्धी विवादको अन्तिम कारवाही र आदेश नहुँदै भए गरिएका काम कारवाहीबाट डाक लिलाम हुने जग्गामा लिलाम सकार गर्ने व्यक्तिको निरपेक्ष हक अधिकार (Absolute Right) को श्रृजना भै सकेको भनी मान्न मिल्दैन। मुद्दा मामिलामा मातहत अदालतबाट भएका काम कारवाहीको न्यायिक परीक्षण गर्ने अधिकार र दायित्वसमेत पुनरावेदन हेर्ने निकायमा रहेको हुन्छ। अतः उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७३।०८।३० मा भएको आदेशले यी निवेदकको सम्पत्ति सम्बन्धी हकमा आघात पुगेको नदेखिँदा निवेदन माग बमोजिम उत्प्रेषणको आदेश एवं परमादेश जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत वेहोराको यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीको राय।

११. जिल्ला अदालतबाट सम्पन्न भैसकेको फैसला कार्यान्यनको कार्यलाई निस्प्रभावित गर्ने गरी उच्च अदालत जनकपुर राजविराज इजलासले गरेको मिति २०७३।०८।३० को आदेश तथा सो आदेशको आधारमा सिराहा जिल्ला अदालत समेतबाट भए गरेका सम्पूर्ण काम कारवाही प्रचलीत कानून, यसै अदालतबाट प्रतिपादित सिद्धान्त र न्यायको रोहमा मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने र मिति २०७२।१२।१६ मा यी निवेदकले विधिवत डाक सकार गरी निजका नाममा दा.खा. दर्ता भएका जग्गाहरुमा निजको हक स्थापित भइसेककेको हुँदा निजले निर्विवाद रुपमा भोग चलन बिक्री व्यवहार गर्न पाउने गरी परमादेशको आदेश समेत जारी हुने ठहर्छ। अतः रिट निवेदन मागबमोजिमको आदेश जारी हुनु पर्नेमा रिट निवेदन खारेजको आदेश गर्नुहुने माननीय न्यायाधीश दीपककुमार कार्कीज्यूको रायमा सहमत हुन नसकिएको हुँदा प्रस्तुत रिट निवेदन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क)

बमोजिम पूर्ण इजलास समक्ष पेश गर्नु होला भन्ने समेत वेहोराको यस अदालतको संयुक्त इजलासको माननीय न्यायाधीश श्री कुमार रेग्मीको राय।

**आदेश खण्ड**

१२. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल अध्ययन गरी हेरियो।

१३. निवेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री लेखनाथ भट्टराईले लेनदेन मुद्दामा भएको फैसला अनुसारको साँवा व्याज भरी पाउँ भनी प्रतिवादीको जेथा देखाई वादीले दिएको निवेदन अनुसार कानूनको रीत पुऱ्याई लिलाम बढाबढ भएको हो। रिट निवेदक धर्मदेव झाले लिलामको जग्गा सकार गरी आफ्नो नाउँमा दर्ता समेत गराई सकेको अवस्था छ। डाक लिलामको कार्य सम्पन्न गरी सकेपछि प्रतिवादीले वादीलाई बिगो बुझाउन मिल्ने होइन। प्रतिवादीले बिगो बुझाउने नै भए लिलाम सकार हुनुपूर्व नै बुझाउनु पर्ने हो। डाक लिलाम सकार भई व्यक्तिको नाउँमा दा.खा. भई पूर्ण स्वामित्व कायम भइसकेको अवस्थामा तत्काल सो सम्बन्धी कुनै कार्य नगर्नु भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७३।०८।३० मा भएको आदेश प्रचलित कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरीतको हुँदा उक्त आदेश उत्प्रेषणको आदेशले बदर गरी निवेदकका नाममा दा.खा दर्ता भएका जग्गामा निर्विवाद भोग चलन बिक्री व्यवहार गर्न पाउने गरी परमादेश जारी गरिपाउँ समेत भनी गर्नु भएको बहस सुनियो।

१४. विपक्षी दुखनी देवी महतो र सुवध महतो कोइरीको तर्फबाट उपस्थीत विद्वान वरिष्ठ अधिवक्ताहरु श्री महादेव प्रसाद यादव, श्री चण्डेश्वर श्रेष्ठ, श्री नरेन्द्र प्रसाद पाठक, श्री रमण कुमार श्रेष्ठ र श्री जगन्नाथ महतोले मिति २०७२।१२।१६ मा भएको लिलाम डाक बढाबढ बेरितको हुँदा बदर गरीपाउँ भनी मिति २०७२।१२।२२ मा वादी दुखनी देवी महतोको र मिति २०७२।१२।२१ मा प्रतिवादी सुवध महतो कोइरीको जिल्ला अदालत सिराहामा निवेदन परेको हो। जिल्ला अदालत सिराहाबाट डाक लिलाम बदर नहुने भनी मिति २०७३।०४।२८ मा आदेश भएकोमा सो आदेश उपर प्रतिवादी सुवध महतो कोइरीले उच्च अदातल जनकपुर, राजविराज इजलासमा अ.वं.१७ नं. बमोजिम दिएको हुन्। सो निवेदनमा कारवाही भै उच्च अदालतबाट मिति २०७३।०८।३० मा डाक लिलामको कार्य सम्पन्न गरी सकेको भए पनि तत्काल सो सम्बन्धी कुनै कार्य नगर्नु भनी भएको आदेश न्यायको रोहमा मिलेको छ। लिलाम भएको जग्गामा रिट निवेदकको निर्विवाद हक स्थापित भैसकेको अवस्था नहुँदा रिट जारी हुने अवस्था छैन। खारेज गरी पाउँ समेत भनी गर्नु भएको बहस सुनियो।

१५. प्रस्तुत निवेदन यस अदालतको संयुक्त इजलास समक्ष पेश भएकोमा माननीय न्यायाधीश ज्यूहरूको रायमा एकमत हुन नसकी अलग-अलग राय व्यक्त भएको हुँदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम यस इजलास समक्ष पेश हुन आएको देखिन्छ।

१६. वादी दुखनी देवी महतो र प्रतिवादी सुवध महतो कोइरी भएको लेनदेन मुद्दामा भएको फैसला बमोजिम वादीलाई बिगो भराइदिन सिरहा जिल्ला अदालतबाट मिति २०७२।१२।१६ मा भएको डाक लिलाम म निवेदकले सकार गरेको हुँ। मैले डाक लिलाम सकार गरे बमोजिमको रकम मिति २०७२।१२।२२ मा दाखिल गरिसकेपछि वादी दुखनी देवी र प्रतिवादी सुवध महतो कोइरीले मुलुकी ऐन दण्ड सजायको ६१ नं बमोजिम लिलाम बदर गरी पाउन दिएको निवेदनमा माग बमोजिम गरिरहनु परेन भनी सिराहा जिल्ला अदालतबाट मिति २०७३।०४।२८ मा आदेश भएको हो। सो आदेश बमोजिम मैले दा.खा पुर्जी समेत प्राप्त गरी लिलाम सकार गरेको सम्पति मैले दा.खा दर्ता गराई लिई सकेको छुँ। जिल्ला अदालतको आदेश उपर विपक्षी सुवध महतो कोइरीले मुलुकी ऐन अ.बं. १७ नं बमोजिम दिएको निवेदनमा उच्च अदालत जनकपुर राजविराज इजलासबाट फैसला बमोजिम ठहरेको बिगो वादीलाई दिन मन्जुर रहेको र फैसला कार्यान्वयनको सिलसिलामा जहिलेसुकै पनि बुझाउन पाउने मान्य सिद्धान्तका आधारमा डाक लिलामको कार्य सम्पन्न भई सकेको भएपनि सो सम्बन्धी कुनै काम नगर्नू समेत भनी मिति २०७३।८।३० मा भएको आदेशले मेरो मौलिक हकमा आघात पुगेको हुँदा उच्च अदालत जनकपुर राजविराज इजलासबाट मिति २०७३।०८।३० मा भएको आदेश, वादी दुखनी देवी महतो र प्रतिवादी सुवध महतो कोइरीले घरसारमा बिगो बुझिलिएको भनी दिएको निवेदन, मिति २०७३।०९।०६ मा भएको आदेश, सनाखत कागज, सिराहा जिल्ला अदालतबाट विपक्षी सुवध महतोको नाउँमा दा.खा. दर्ता गरिदिनू भनी लेखिएको पत्र, मालपोत कार्यालय, सिरहाबाट भएको निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाँउ भन्ने निवेदक धर्मदेव झाको निवेदन दावी रहेको देखिन्छ।

१७. दुखनी देवी महतोको लिखित जवाफ हेर्दा हामी वादी प्रतिवादी आपसमा मिली विगो बुझी भरपाई गरी दिएको हो। रिट जारी हुनुपर्ने होइन भन्ने समेत व्यहोरा रहेको देखिन्छ। उच्च अदालत जनकपुर राजविराज इजलासबाट भएको आदेश बमोजिम यस अदालतबाट सुवध महतो कोइरीका नाँउमा दा.खा दर्ता गर्न मालपोत कार्यालय, लहानका नाँउमा पत्राचार गरेको हो। रिट जारी हुनुपर्ने होइन भन्ने समेत सिराहा जिल्ला अदालत समेतको लिखित जवाफ रहेको देखिन्छ। यस अदालतबाट मिति

२०७३।०८।३० मा भएको आदेश कानून सम्मत भएकोले निवेदन खारेज गरिपाँउ भन्ने उच्च अदालत जनकपुर राजविराज इजलासको लिखित जवाफ रहेको देखिन्छ।

१८. जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(६) को विपरित डाक लिलाम भएको, मलाई डाक लिलाम हुने मिति, स्थान र समय उल्लेख गरी रितपूर्वक सूचना नदिएको हुँदा मुलुकी ऐन दण्ड सजायको ६१ नं को म्याद भित्र सिरहा जिल्ला अदालतमा डाक लिलाम वदर गरी पाउन निवेदन दिएको हो। सो अदालतबाट भएको आदेशमा चित्त नबुझी मुलुकी ऐन अ.ब. १७ नं बमोजिम उच्च अदालतमा निवेदन दिएको हो। निवेदकको निर्विवाद हक नहुँदा रिट जारी हुनुपर्ने होइन भन्ने सुवध महतो कोइरीको लिखितजवाफ रहेको देखिन्छ।

१९. मालपोत कार्यालय, सिराहा, लहानको लिखित जवाफ परेको देखिँदैन।

२०. प्रस्तुत मुद्दामा निवेदन माग बमोजिम उत्प्रेषणको आदेश जारी हुनपर्ने हो वा होइन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने हुन आयो।

२१. वादी दुखनी देवी महतो प्रतिवादी सुबध महतो कोइरी भएको ०७०-CP-०६७१ को लेनदेन मुद्दामा वादी दावीको लिखत बमोजिमको साँवा र कानून बमोजिमको ब्याज समेत वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहरी सिराहा जिल्ला अदालतबाट मिति २०७१।०३।१२ मा फैसला भएको देखिन्छ। सो फैसला बमोजिम बिगो भराई पाउँ भनी मिति २०७१।०५।०६ मा वादीको तर्फबाट दरखास्त परेको देखिन्छ। मिति २०७१।१०।१० मा भएको जायजात मुचुल्का हेर्दा प्रतिवादीलाई खोजतलास गर्दा घर फेला परेको तर घरमा मानिस फेला नपरेको भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ। प्रतिवादीका नाउँको डाक लिलाम सुचना म्याद तामेली हेर्दा पनि सुचनावाला व्यक्ति फेला नपरेको भनी घर दैलोमा टाँस तामेल भएको देखिन्छ। मिति २०७२।१२।१६ मा भएको डाक लिलाम मुचुल्का हेर्दा लेनदेन मुद्दाका वादी तथा प्रतिवादी दुवै पक्ष र स्थानीय प्रतिनिधि समेतको अनुपस्थितिमा लिलाम भएको र निवेदक धर्मदिव झाले लिलाम सकार गरेको भन्ने देखिन्छ। सो लिलाम मुचुल्का बदर गरी पाउँ भनी मुलुकी ऐन दण्ड सजायको ६१ नं.को म्याद भित्रै मिति २०७२।१२।२१ मा सुवध महतोले सिराहा जिल्ला अदालत समक्ष निवेदन दिएको देखिन्छ। मिति २०७२।१२।२२ मा निवेदक धर्मदिव झाले लिलाम सकार गरेको विगो धरौटी राखेको देखिन्छ। सोही मिति २०७२।१२।२२ मा नै वादी दुखनी देवी महतोले पनि वेरितको डाक लिलाम वदर गरि पाउन निवेदन दिएको देखिन्छ। सो आधारमा हेर्दा लेनदेन मुद्दाका वादी र प्रतिवादी दुबै पक्षले लिलाम मुचुल्कामा चित्त नबुझाएको अवस्था देखिन आयो। सुबध महतोले लिलाम बदर गरी पाउन निवेदन दिई सकेपछि रिट निवेदकले रकम दाखिल गरेको अवस्था समेत देखिन आयो।

२२. सिराहा जिल्ला अदालतबाट सुबध महतो कोइरी र दुखनी देवी महतो दुबै पक्षको निवेदन माग बमोजिम गरिरहनु परेन भनी मिति २०७३।०४।२८ मा आदेश भएको देखिन्छ। सो आदेश उपर सुवध महतो कोइरीले मिति २०७३।०४।३१ मा मुलुकी ऐन अ.व. १७ नं. बमोजिम पुनरावेदन अदालत राजविराज समक्ष निवेदन गरेको देखिन्छ। लिलाम कार्य सम्पन्न भई सकेको भएपनि सो सम्बन्धी कुनै काम नगर्नू, निवेदक वादीले एक महिना भित्र साँवा ब्याज दाखिल गर्न ल्याए लिई कानून बमोजिम गर्नू भनी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७३।०८।३० मा आदेश भएको देखिन्छ। उच्च अदालतबाट आदेश हुँदा यी निवेदकले सुनुवाईको मौका प्राप्त गरेको अवस्था मिसिल प्रमाणबाट देखिन्छ। सो आदेशमा लेनदेन मुद्दाका दुबै पक्षले चित्त बुझाएको अर्थात जसका लागि फैसला भएको हो, फैसला कार्यान्वयन गरी जसले न्यायको प्रत्याभूति पाउनु पर्ने हो ती पक्ष उपरोक्त आदेशमा सन्तुष्ट रहेको अवस्था देखिन्छ। न्यायको औचित्य पनि पक्षहरूको सन्तुष्टिबाट नै पुष्टी हुन्छ। मिति २०७३।०९।०६ मा निज सुबध महतो कोइरी र दुखनी देवीले सिराहा जिल्ला अदालत समक्ष फैसला बमोजिमको विगो घरसारमा बुझिलिई दिई सकेको भनी संयुक्त निवेदन गरी लाग्ने अढाई दस्तुर र नपुग कोर्ट फी समेत दाखिल गरेको देखिन्छ।

२३. सुबध महतो कोइरीका नाउँको जग्गा लिलाम मुचुल्का बमोजिम यी निवेदक धर्म देव झाका नाउँमा दा.खा. दर्ता भएपनि सो सदर नरही बदर हुने भएकाले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८(क) र ने.का.प. २०६९, अंक ६, निर्णय नं. ८८४८ मा प्रतिपादित सिद्दान्त समेत बमोजिम सुबध महतो कोइरीका नाउमा दा.खा. दर्ता गरिपाउँ भनी मिति २०७३।०९।०६ मा सुबध महतो कोइरी र दुखनी देवी महतोले संयुक्त निवेदन दिई इजलास समक्ष पेश भएकोमा निवेदन माग बमोजिम दा.खा. दर्ताको लागि लेखी पठाइदिनू भनी सिराहा जिल्ला अदालतबाट मिति २०७३।०९।०८ मा आदेश भएको देखिन्छ। सो आदेश बमोजिम मालपोत कार्यालय, सिराहा, लहानबाट सिराहा जिल्ला अयोध्या नगरका कि.नं. ११०९, ११११, १११३, १११५, ११२१ र १११९ का जग्गा सुबध महतो कोइरीका नाउँमा दा.खा. दर्ता भएको देखिन्छ। सोही जग्गाको विषयमा वादी सुवध महतो र यिनै धर्म देव झा प्रतिवादी भई चलेको ०७३-cp-०२१८ को दुषित दा.खा. दर्ता बदर दर्ता चलन मुद्दामा उपरोक्त कि.न. ११०९, ११११, १११३, १११५, ११२१ र १११९ मध्येको जग्गाको दर्ता बदर गरी सुबध महतोका नाउँमा दा.खा. दर्ता भई चलन समेत पाउने ठहरी मिति २०५३।०३।२२ मा फैसला भएको अवस्था समेत देखिन्छ।

२४. उपरोक्त बमोजिमको तथ्यहरूको विश्लेषण गरी हेर्दा लेनदेन मुद्दामा वादी दावी ठहर हुनेगरी भएको फैसलाको कार्यान्वयनको क्रममा भएको डाक लिलामीको प्रक्रियामा

सहभागी भई सिराहा जिल्ला अदालतले तोकेको दस्तुर समेत बुझाई सकेको अवस्थामा उक्त लिलामीको प्रकृया बदर गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको मिति २०७३।०८।३० को आदेशले निवेदकको सम्पत्ति आर्जन गरी भोग गर्ने संविधान प्रदत हक हनन हुन गएको भन्ने निवेदकको मूल दावी रहेकोमा निवेदकले उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउन दावी लिएको आदेश फैसला कार्यान्वयनको रोहमा भएको देखिन्छ। वस्तुतः लेनदेन मुद्दामा वादी दावी ठहर भई फैसला कार्यान्वयन गर्दा अदालतले पक्षहरूको सहभागिता, सन्तुष्टी र न्यायको प्रत्याभूतिलाई प्रमुखताका साथ हेर्नु पर्नेहुन्छ। जुन फैसला कार्यान्वयन भएको हो सो मुद्दामा यी निवेदक पक्ष कायम भएको अवस्था छैन। प्रतिवादी सुवध महतोका नाउँमा जारी भएका म्याद सूचना निज वा निजका एकाघरका परिवारले बुझिलिएको भन्ने अवस्था देखिन आएको छैन। वादी प्रतिवादी र स्थानीय प्रतिनिधी समेतको अनुपस्थितिमा डाक लिलाम भए गरेको देखिन्छ। यी निवेदकले लिलाम सकार गरेको रकम जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(७)(क) बमोजिम दाखिल गर्नु भन्दा अगावै लेनदेन मुद्दाका वादी र प्रतिवादी दुबै पक्षले लिलाम बदर गरिपाउन मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिम निवेदन गरेको अवस्था देखिंदा लिलाम मुचुल्का निर्विवाद भन्न मिल्ने अवस्था हुँदैन। मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिम परेको निवेदनमा जिल्ला अदालतको इजलासबाट भएको आदेश उपर सम्बन्धित पक्षले मुलुकी ऐन अ.वं. १७ नं. बमोजिम निवेदन गर्न सक्ने नै देखिन्छ। तसर्थ उपरोक्त ब्रमोजिमको न्यायिक प्रकृयाले पूर्णता प्राप्त गरेपछि मात्र लिलाम सकार गर्ने पक्षको लिलाम सकार गरेको सम्पत्तिको हक परिपक्व भई पूर्णता प्राप्त गर्ने भएकोले सो न्यायिक प्रकृया सम्पन्न हुनु अगावै रिट निवेदकले सकार गरेको सम्पत्तिमा निजले पूर्ण स्वामित्व प्राप्त गरेको भनी मान्न मिल्ने हुँदैन। विगो भरिभराउको प्रयोजनका लागि प्रत्यर्थी/प्रतिवादी र निजको आमाको नाममा रहेको सम्पत्ति उपर अदालतको फैसला मार्फत वादी दुखनी देवीको Adverse Ownership सम्म कायम हुन सक्छ तर डाक लिलामको प्रक्रियामा सामेल हुने तेस्रो व्यक्ति निवेदक धर्म देव झाको सम्पत्ति आर्जन गर्ने हकले सम्पत्तिका मूल स्वामित्ववालालाई नै सम्पत्तिबाट निरपेक्ष रुपमा बञ्चित गर्ने अधिकार हुन्छ भन्न मिल्दैन। व्यक्तिका नाउँमा कानूनको रित पुर्वक दर्ता श्रेस्ता कायम भई निर्विवाद हकभोग स्वामित्व स्थापित भएको सम्पत्तिको स्वामित्ववालाको हक त्यस्तो सम्पत्ति पछिबाट आर्जन गर्ने वा कुनै तरहले प्राप्त गर्ने व्यक्तिको हक भन्दा महत्वपूर्ण र प्रवल हुन्छ। डाक लिलामको समग्र प्रक्रिया नै वादी प्रतिवादीले परित्याग नगरुञ्जेल तेस्रो पक्ष (डाक लिलाम सकार गर्ने पक्ष) अर्थात सम्पत्ति आर्जन गर्ने व्यक्ति यी निवेदकको हक सुनिश्चित भएको मान्न मिल्दैन।

२५. लेनदेन मुद्दाका ऋणी/प्रतिवादी सुबोध महतो कोहरीले धनी/वादीलाई तमसुक गरी दिंदाको अवस्थामा आफुले लिएको ऋणको साँवा व्याज नतिरे आफ्नो जायजेथावाट असुल उपर गरी लिनू भनी कागज गरी दिएको हुनाले प्रतिवादीले साँवा व्याज नतिरेको अवस्थामा सो लिखत बमोजिम सम्पत्ति प्राप्तीको अधिकार वादीसम्मलाई हुन्छ। तर डाक लिलामीको प्रक्रिया अन्त्य भई नसक्दै ऋणीले धनीलाई साँवा व्याज बुझाएको अवस्थामा वादीको पनि सम्पत्ति लिलाम गरी सम्पत्ति प्राप्त गर्ने अधिकार अन्त्य हुन जान्छ। त्यस्तो अवस्थामा डाक लिलामीको प्रक्रियामा सामिल हुन आएको तेस्रो पक्ष यी निवेदकलाई सम्पत्ति प्राप्त गर्ने हक रही रहन्छ भन्न कानून न्याय र सम्पत्ति प्राप्ती सम्बन्धी सिद्दान्तबाट समेत मिल्ने देखिंदैन। तसर्थ डाक लिलामको प्रकृयामा सहभागी तेस्रो पक्ष यी निवेदक धर्म देव झाको सम्पत्ति आर्जन गर्ने अधिकार संविधान र प्रचलित कानून बमोजिम हुने भए तापनि लेनदेन मुद्दाका पक्ष प्रतिवादी स्वयंको सम्पत्तिको हक र सो मुद्दाका वादीको हक नै निस्तेज पार्ने सम्मको हो भनी व्याख्या र विश्लेषण गर्नु सर्वथा अनुचित हुन्छ। अदालतले फैसला कार्यान्वयन गरी विगो असुलीका सन्दर्भमा मुद्दाका पक्षको जायजेथाको लिलामी गर्ने प्रक्रिया र बैंक तथा वित्तीय संस्थाहरूले ऋण असुलीका लागि सार्वजनिक सूचना प्रकाशित गरी गरिने धितोको लिलामी प्रक्रियामा तात्विक भिन्नता हुने हुँदा समान रुपमा हेरिनु न्याय संगत हुँदैन। जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ सम्पत्ति लिलाम गर्दा अपनाउनु पर्ने कार्यविधी सम्बन्धी व्यवस्था हो। सो नियम ७५ ले निर्दिष्ट गरे बमोजिम सबै कार्यविधि रितपूर्वक भए नभएको अवस्था विचारणीय हुन्छ। नियम ७५(११) स्वतन्त्र प्रावधान नभई अन्तर सम्बन्धीत प्रावधान पनि हो। तसर्थ नियम ७५(११) लाई मात्र दृष्टिगत गरी न्यायिक निष्कर्षमा पुग्नु न्यायोचित हुँदैन। निवेदकले मुद्दाको कारबाही अन्तिम नहुँदैको अवस्थामा विवादको सम्पत्तिको स्वामित्व हस्तान्तरण गरी दिएको भनी उल्लेख गरेको देखिदा निवेदकको हकमा नै नभएको सम्पत्तिको हकमा रिट जारी गर्नू औचित्यपूर्ण हुँदैन।

२६. फैसला कार्यान्वयनको रोहमा अदालतबाट डाक लिलाम सम्बन्धमा सार्वजनिक सूचना प्रकाशन गरी डाक लिलाम भए गरेकोमा सो उपर सम्बन्धित पक्षले ऐनका म्याद भित्र उजुरी निवेदन गर्न पाउँदैनन, लिलाम सकार गर्ने पक्षको लिलाम सकार गरेको सम्पत्तिमा पूर्ण स्वामित्व कायम हुन्छ भनी अर्थ गर्दा मुलुकी ऐन दण्ड सजायको ६१नं. र अदालती बन्दोबस्तको १७ नं. को कानूनी व्यवस्था निस्तेज हुनजाने भएकाले कानून बमोजिमको न्यायिक प्रक्रियालाई अन्यथा हुने वा कानूनी प्रावधानलाई नै निस्तेज पार्ने गरी व्याख्या र प्रयोग गर्नु उचित हुँदैन। साधारण क्षेत्राधिकार अन्तर्गत तह तहका अदालतबाट निवेदकको समेत उपस्थितिमा सुनुवाई भई अन्तिम आदेश भएको बिषयमा

फैसला कार्यान्वयन भई न्यायको प्रत्याभूति प्राप्त गर्ने मुद्दाको पक्ष समेत नरहेको व्यक्तिले दायर गरेको रिट निवेदनबाट हस्तक्षेप गरी मुद्दाका पक्षहरूले चित्त बुझाई फैसला कर्यान्वयन समेत भई सकेको विषयलाई अन्यथा गर्नु न्यायको रोहमा उपयुक्त हुँदैन। जुन सम्पत्तिमा यी रिट निवेदकको निर्विबाद हक नै स्थापित भई सकेको अवस्था छैन त्यस्तो सम्पत्तिको हकमा प्रतिकूल असर पर्न गयो भनी रिट क्षेत्रबाट हस्तक्षेप गर्न मिल्ने हुँदैन।

२७. अतः मिसिल प्रमाणहरूबाट निवेदकको सम्पत्ति सम्बन्धी मौलिक हकमा प्रतिकूल असर पर्ने गरी उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७३।०८।३० मा आदेश भए गरेको भन्न मिल्ने नदेखिंदा सो आदेश बमोजिम सिराहा जिल्ला अदालतबाट भए गरेको आदेश एवं दा.खा. दर्ता सम्बन्धी काम कारवाहीको सन्दर्भमा निवेदकको हकमा नेपालको संविधानको धारा २५ द्वारा प्रदत्त हकमा आघात परेको अवस्था देखिएन। रिट निवेदन खारेज हुनु पर्ने अवस्था देखिन आएकोले यस अदालतका माननीय न्यायाधीश श्री दीपककुमार कार्कीबाट व्यक्त भएको राय सदर हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी सम्बन्धित पक्षहरुलाई दिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(शारङ्गा सुवेदी)
न्यायाधीश

उक्त आदेशमा हामी सहमत छौं।

(सुनिल कुमार पोखरेल)
न्यायाधीश

(बालकृष्ण ढकाल)
न्यायाधीश

इजलास अधिकृतः- कालिबहादुर साम्यू लिम्बू/ बसन्तीकुमारी जोशी
कम्प्यूटर टाईपः- विकेश गुरागाई
इति सम्वत् २०८० साल माघ महिना १८ गते रोज ५ शुभम् ----------।